आज मिति २०८० साल माघ २३ गते मंगलबारका दिन दिउसो २.०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको १८ औ बैठक बस्यो ।

तपसिल

| क.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थित |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थित |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थित |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्ण हरी आर्चाय | उपस्थित |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थित |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदास प्रजापति | उपस्थित |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थित |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थित |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | अनुपस्थित |
| १२ | कार्यपालिका सदस्य | सरोज परियार | उपस्थित |
| १३ | कार्यपालिका सदस्य | उजला थापा श्रेष्ठ | उपस्थित |
| १४ | कार्यपालिका सदस्य | शर्मिला विश्वकर्मा | उपस्थित |
| १५ | कार्यपालिका सदस्य | तुईल माया चक्रधर | उपस्थित |
| १६ | कार्यपालिका सदस्य | सिता विश्वकर्मा | उपस्थित |
| १७ | कार्यपालिका सदस्य | सरस्वती खड्का | उपस्थित |
| १८ | कार्यपालिका सदस्य | जसे सार्की | उपस्थित |
| १९ | कार्यपालिका सदस्य | बालकृष्ण परियार | उपस्थित |
| २० | सदस्य–सचिव | श्री विजयराज सुवेदी | उपस्थित |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थित |
| २ | महाशाखा प्रमुख | श्री सत्य नारायण साह | उपस्थित |
| ३ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थित |
| ४ | महाशाखा प्रमुख | श्री तुल्सी भक्त तको | उपस्थित |

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

१. नेपाल खुला विश्वविधालयलाई जग्गा उपलब्धताका लागि सिफारिस ।
२. राष्टिय मानव अधिकार आयोगमा प्रतिबद्धता पत्र पठाउने
३. विविध

निर्णय न १.

नेपाल खुला विश्वविधालयको च न १४९ मिति २०८०/१०/१४ को पत्रको सम्बन्धमा छलफल हुदा यस नगरपालिका वडा न २ साबिक वार्ड न १७ नक्शा सिट न १०२-११८९-०२ स्थित कित्ता नं ३४ क्षेत्रफल ५५९३ जग्गा विपत व्यवस्थापनको दृष्टिकोणबाट सो स्थान जोखिमयुक्त रहे नरहेको सम्बन्धमा स्थलगत रुपमा अध्ययन गरी प्रतिबेदन पेश गर्न कार्यालयलाई निर्देशन दिने।

निर्णय न २.

सम्मानित राष्ट्रिय मानव अधिकार आयोगकोच.नं. Inv/JN७६६ मिति २०८०।१०।१८ को पत्रको सन्दर्भमा छलफल हुँदा यस वर्ष २०८० को नगर स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन हुँदा यसमध्यपुर थिमि नगरपालिकामा रहेको एसओ एस हर्मन माईनर विद्यालयका विद्यार्थीहरु सहभागी नभएको र सहभागी गराउन सम्मानित आयोगको पत्र नगरपालिकामा प्राप्त हुँदा उक्त प्रतियोगिता २०८०।०९।६,७ र ८ गते सम्म नगर स्तरमा सञ्चालन भई सम्पन्न भइसकेको हुनाले यस वर्ष २०८० को राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा उक्त विद्यालयका विद्यार्थीहरुलाई प्राविधिक कारणले सहभागी गराउन नसकिएको व्यहोरा अवगत गराउँदै आगामी दिनमा नगरपालिका भित्र अध्ययनरत सबै विद्यार्थीहरुलाई प्रतियोगिता सञ्चालनका लागि निर्दिष्ट गरिएको निर्देशिका बमोजिम नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन,२०७५, शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली,२०५९ लगायत अन्य क्षेत्रगत ऐनले दिइएका सबै मानव अधिकार एवं बालअधिकार प्रति उच्च सम्मान गर्दै कुनै पनि कारण र आधारबाट कुनै पनि प्रतियोगितामा सहभागी हुनबाट बञ्चित नगराउने प्रतिवद्धता व्यक्त गर्दै सोही व्यहोरा सम्मानित आयोगमा अनुरोध गर्ने ।

निर्णय न ३ .

राष्ट्रिय भारतोलन संघ द्धारा आयोजित २६ औं पुरुष तथा ११ औं महिला राष्ट्रिय भारतोलन २०८० प्रतियोगिताको लागि चालु आ.वको खेलकुद शिर्षकमा विनियोजित वजेटबाट खर्च ब्यहोर्ने गरी रु.७,००,०००। (अक्षरेपी सात लाख मात्र) लागत सहभागिता गर्ने निर्णय गरियो ।

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

निर्णय न ४ :

यस नगरपालिकाको परम्परागत कला संस्कृतिको जगेर्ना गर्दै मनाईने देहाय बमोजिमका चार्ड पर्बलाई देहाय बमोजिमको रकम चालु आ.बको. परम्परागत कला संस्कृतिको जगेर्ना सम्बन्धी शिर्षकमा विनियोजित बजेटबाट खर्च ब्यहोने गरी उपलब्ध गराउने ।

तपसिल

| सिनं. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | माधव नारायण वडा नं- ८ | १,००,०००। (अक्षरेपी रु. एक लाख मात्र) | |
| २ | सामुहिक बर्तबन्ध | १,५०,०००।( अक्षरेपी रु. एक लाख पचास हजार मात्र) | |
| ३ | भजन प्रतियोगिता | २,००,०००।( अक्षरेपी रु. दुई लाख मात्र) | |
| ४ | पुलुकिसी नाच | १,५०,०००।(अक्षरेपी रु. अक्षरेपी रु. एक लाख पचास हजार मात्र) | |

निर्णय न ५ :

ससर्त, विशेष र समपुरक योजना कार्यक्रम अन्तर्गत बर्षेनी प्राप्त हुने योजनाका लागि निम्न बमोजिमका कार्यक्रमहरु नेपाल सरकार सँग माग गर्ने निर्णय गरियो ।

तपसिल

१. नगरपालिका भवन राईटोल गाखु सड्क निर्माण ।
२. निलवाराही चक्रपथ सड्क निर्माण ।
३. नेपाल कोरिया मैत्री अस्पतालको आई.सि.यु / ओटी भवन निर्माण ।
४. यस नगरपालिका स्थित वडा नं ४ र ५ को सिमानाको चक्खुमार्ग निर्माण ।
५. विष्णुविर पार्क निर्माण ।
६. सानोठिमी पार्क निर्माण ।
७. दुनिग : पार्क निर्माण ।
८. सिद्धिकाली मा.वि भवन निर्माण ।
९. जनआर्दश क्याम्पस भवन निर्माण ।
१०. धुन्चो मधुचोक राजकुलो मगर गाउं सड्क निर्माण ।

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३